# भाषा शिक्षकको पेसागत उन्नयनमा व्यक्तिगत जिम्मेवारी

**सुरेन्द्र कुमार बम**


## लेखसार

*शिक्षकलाई शिक्षा क्षेत्रको महत्वपूर्ण र जिम्मेवार व्यक्ति मानिन्छ । शिक्षकको पेसागत उन्नयनको प्रत्यक्ष सम्बन्ध विद्यार्थीको सिकाइसँग हुन्छ। पेसागत रूपमा सम्बन्धित क्षेत्रको व्यवसायिक दक्षता, कार्यकुशलता एवम् विशेषज्ञता प्राप्त शिक्षकले मात्र विद्यार्थीमा अपेक्षित परिणाम हासिल गराउन सक्छन् । निरन्तर अध्ययन, अनुसन्धान र अनुभवबाट पेसागत विज्ञता हासिल हुन्छ । प्रस्तुत अध्ययन भाषा शिक्षकको पेसागत उन्नयनमा व्यक्तिगत जिम्मेवारी पहिचानमा केन्द्रित रहेको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरी पुस्तकालयीय अध्ययन प्रक्रियाका माध्यमबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । पेसागत विकास राम्रो, उत्कृष्ट र विशेषज्ञ शिक्षक बन्ने प्रक्रिया हो । यसका लागि मूलतः नीति निर्माण गर्ने जिम्मेवारी सरकारको र प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त वातावरण निर्माण गर्ने, समन्वय र सहजीकरण गर्ने जिम्मेवारी शैक्षिक संस्थाको हुन्छ भने आवश्यक सक्षमता हासिल गरेर सफल कार्यान्वयन गर्ने जिम्मेवारी शिक्षकको हुन्छ । सम्बन्धित विषयवस्तु, शिक्षणका तौरतरिका, सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन, सूचना तथा प्रविधिको गहन र अद्यावधिक ज्ञान, सिकारुको ज्ञान, पेसागत आचार संहिता, निरन्तर अध्ययन, अनुसन्धान, लेखन तथा प्रकाशन, प्राप्त ज्ञानको इमान्दार प्रयोग शिक्षकको व्यक्तिगत जिम्मेवारी अन्तर्गत पर्दछन् । प्रस्तुत लेखमा पेसागत उन्नयनका लागि शिक्षक सक्षमता र त्यसको जिम्मेवार पक्षका सन्दर्भमा भाषा शिक्षकका व्यक्तिगत जिम्मेवारीहरूको चर्चा गरिएको छ ।*


***मुख्य शब्दावली*** : शिक्षकको पेसागत उन्नयन, व्यक्तिगत जिम्मेवारी, भाषा शिक्षक, विशेषज्ञता, शिक्षक सक्षमता

## पृष्ठभूमि

नेपालमा शिक्षा लिनेदिने कार्य प्राचीन कालदेखि अनौपचारिक रूपमा चलिआएको पाइन्छ । अनौपचारिक रूपमा शिक्षा प्रदान गर्ने शिक्षकको पेसागत विकास आफ्नै व्यक्तिगत प्रयासमा नै अगाडि बढेको पाइन्छ । वि.सं. १९१० मा औपचारिक शिक्षाको थालनी भएको करिव एक शताब्दी पछि वि.सं. २००४ मा आधार शिक्षण केन्द्रको स्थापना भएपछि शिक्षकको पेसागत विकास औपचारिक तथा संस्थागत रूपमा प्रारम्भ भएको देखिन्छ । त्यसपछि २००९ सालमा नर्मल स्कुलको स्थापना भएपछि शिक्षक तालिमलाई व्यवस्थित गर्दै विभिन्न ठाउँमा विस्तार गरिएको पाइन्छ । वि.सं. २०१३ मा स्थापना भएको कलेजअफ एजुकेसनले शिक्षकको आधारभूत योग्यता र तालिममा जोड दिएको पाइन्छ । यसलाई व्यवस्थित र परिष्कृत गर्ने काम त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायले गरेको पाइन्छ । यसमा ईटा थप्ने काम विभिन्न विश्वविद्यालय तथा उच्च माध्यमिक शिक्षा परिषदले गरेको देखिन्छ । शिक्षकको पेसागत विकासको महत्वपूर्ण कडीका रूपमा शिक्षक तालिमलाई लिइन्छ । शिक्षक तालिमका कार्यक्रमह¿ शिक्षा मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरू शैक्षिक जनशक्ति विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र, दूर शिक्षा केन्द्र, शिक्षा विभाग आदिले सञ्चालन गर्दै आइरहेको पाइन्छ । विश्वविद्यालय तथा अन्य शैक्षिक संस्थाले शिक्षकका लागि चाहिने

आधारभूत ज्ञान, सीप तथा शैक्षिक योग्यता विकास गरिरहेको पाइन्छ भने शिक्षा मन्त्रालय अन्तर्गतका विभिन्न निकाय त्यसमा पनि खासगरी शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकको पेसागत विकासका लागि विभिन्न अवधि र प्रकृतिका तालिम सञ्चालन गरिरहेको पाइन्छ। शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेअनुसार वि.सं. २०६८ सम्म शिक्षक तालिममा मात्र १५ करोड अमेरिकी डलर लगानी भएको छ तर यसको कक्षाकोठामा प्रयोगका बारेमा सधैं प्रश्न चिह्न खडा हुने गरेको छ (आचार्य, २०६९)। सन् २००९ मा प्राविधिक प्रशिक्षण प्रतिष्ठानले गरेको अध्ययन अनुसार शिक्षक तालिमले कक्षाकोठाको पठनपाठनमा सुधार आउन नसकेको तर यसले शिक्षकको व्यक्तित्व विकास र आत्मोन्नतिमा भने महत्वपूर्ण योगदान पुऱ्याएको देखाएको छ (आचार्य, २०६९)। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रकाशित गरेको शैक्षिक निकायहरूको कार्यसम्पादन २०७३/७४ समष्टिगत प्रतिवेदन २०७४ अनुसार शिक्षकको पेसागत विकासको स्थिति तुलनात्मक रुपमा कमजोर (औसत ३८.७० प्रतिशत) रहेको देखिन्छ। प्रतिवेदन अनुसार विद्यालयको आयोजनामा क्षमता विकास तालिम र स्रोत कक्षा व्यवस्थापन, स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन, अवलोकन भ्रमण, नियमित अध्ययन सामग्रीको व्यवस्था अधिकांश जिल्लामा कमजोर रहेको छ। विश्वव्यापीकरण र विज्ञान तथा प्रविधिको तीब्र विकासले शिक्षकको पेसामा अवसर र चुनौती थपिएका छन्। शिक्षकले पेसागत विकासका लागि हरेक कुरामा आफूलाई अद्यावधिक गर्दै बदलिदो अवस्थाको सामना गर्न निरन्तर क्रियाशील बनाउनु पर्ने आवश्यकता देखिन्छ।

## समस्याकथन

प्रस्तुत अध्ययन भाषा शिक्षकको पेसागत उन्नयनमा सबैभन्दा महत्वपूर्ण रहेको व्यक्तिगत जिम्मे वारीको पहिचानसँग सम्बन्धित रहेको छ। पेसागत उन्नयनमा विभिन्न पक्षहरूको महत्वपूर्ण भूमिका हुन्छ। त्यसमा शिक्षक स्वयम्ले व्यवसायिक, दक्ष एवम् कुशल हुन के के गर्नु पर्दछ भन्ने कुरालाई अध्ययनको मुख्य समस्याका रूपमा लिइएको छ। यसका अन्य समस्याका रूपमा पेसागत उन्नयनको अवधारणा र पेसागत उन्नयनका लागि शिक्षक सक्षमताको पहिचान रहेका छन्।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य भाषा शिक्षकको पेसागत उन्नयनमा व्यक्तिगत जिम्मेवारी पहिचान गर्नु रहेको छ। अन्य उद्देश्यमा पेसागत उन्नयनको अवधारणा स्पष्ट पार्नु, पेसागत उन्नयनका लागि चाहिने शिक्षक सक्षमता पत्ता लगाउनु, पेसागत उन्नयनका जिम्मेवार पक्षहरू पहिचान गर्नु रहेका छन्।

## अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन भाषा शिक्षकको पेसागत उन्नयनमा व्यक्तिगत जिम्मेवारीमा परिसीमित छ। यस अध्ययनमा पेसागत उन्नयनको अवधारणा, पेसागत उन्नयनका लागि शिक्षक सक्षमता र भाषा शिक्षकको पेसागत उन्नयनका जिम्मेवार पक्षहरूको समीक्षा गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ। यो लेख तयार गर्दा पुस्तकालयीय अध्ययन प्रक्रियाका माध्यमबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ। यस लेखमा पेसागत उन्नयनसँग सम्बन्धित पुस्तक, जर्नल तथा अध्ययन प्रतिवेदनहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ। तत्पश्चात सङ्कलित सामग्रीको विश्लेषणमा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

## भाषा शिक्षकको पेसागत उन्नयनको अवधारणा

बृहत् नेपाली शब्दकोश (२०४०) ले पेसालाई जीवन यापनका निम्ति अँगालिएको मुख्य काम; जीविकाका निम्ति गरिने मुख्य काम भनेर चिनाएको पाइन्छ । नेपालीमा पेसा जनाउने शब्दलाई अंग्रेजीमा profession भनिन्छ । यो ल्याटिन शब्द 'professio' बाट बनेको हो, जसको अर्थ स्वीकार्नु, सुनिश्चित गर्नु, प्रतिज्ञा गर्नु भन्ने हुन्छ । यसरी पेसागत भन्नाले जीवनयापनका लागि स्वीकार गरिएको, सुनिश्चित गरिएको वा प्रतिज्ञा गरिएको पेसा वा व्यवसाय भन्ने बुझिन्छ । न्यु अक्सफोर्ड डिक्सनरीले व्यवसायिकतालाई पूर्णता वा पेसागतले आशा गरेको सीप तथा गुणस्तरको साँचो र दक्षताका रूपमा परिभाषित गरेको छ । शिक्षण एउटा उच्च ज्ञान र सीपले युक्त पेसा हो । त्यसैले शिक्षकको पेसागत उन्नयन गुणस्तरीय शिक्षाको महत्वपूर्ण आधारका रूपमा रहेको देखिन्छ । पेसागत रूपमा दक्ष र उच्च उत्प्रेरणा भएका शिक्षकबाट मात्र विद्यार्थीहरूले गुणस्तरीय शिक्षा पाउन सक्छन् । पेसागत विकास भन्नाले सम्बन्धित विषय क्षेत्रमा निश्चित ज्ञान, सीप र प्रयोगको कुशलता तथा विशेषज्ञता हासिल गर्नु हो । सिक्ने सिकाउने कार्य परापूर्व कालदेखि ऋषिकूल, गुरुकूल, पितृकूल आदि हुँदै आजको सूचना र प्रविधिको अधिकतम प्रयोग गरिने इ-सिकाइसम्म विकसित भएको छ तर शिक्षकको महत्व घटेको छैन । पहिला शिक्षण सिकाइमा शिक्षकलाई नै सर्वेसर्वा मानिन्थ्यो । शिक्षक पनि उच्च ज्ञानगुन तथा नैतिक आचरणयुक्त हुन्थे । त्यसैले गुरुलाई ब्रह्मा, विष्णु, महेश्वर जस्ता त्रिदेवको कोटिमा राखेर उच्च श्रद्धा र सम्मान अभिव्यक्त गरेको पाइन्छ । आजभोलि शिक्षण सिकाइमा शिक्षकलाई सहजकर्ता, निर्देशक, पथप्रदर्शक आदिका रूपमा लिने गरिन्छ । बालबालिकाको मनोविज्ञान बुझेर बालमैत्री वातावरण सिर्जना गरी सिक्ने तत्परता जगाउनु र सिक्नका लागि सहजता प्रदान गर्नु शिक्षकको दायित्व मानिन्छ । धैर्यवान्, चेतनशील, स्वावलम्बी, निरन्तर नयाँ कुरा सिक्न उत्सुक, स्पष्ट वक्ता, सम्बन्धित क्षेत्रको ज्ञान तथा सीपमा दक्ष, सामाजिक सेवाभाव भएको व्यक्ति नै शिक्षक बन्न योग्य मानिन्छ ।

ग्लाथोर्नका अनुसार शिक्षकको पेसागत विकास भन्नाले शिक्षकको व्यवसायिक दक्षता वृद्धि हो, जसले अनुभवको बढोत्तरी गरी शिक्षणलाई व्यवस्थित गर्न शिक्षकलाई सक्षम बनाउँछ (श्रेष्ठ, २०६८) । रिचर्ड र रेनन्दया (२००२) का अनुसार पेसागत वा व्यवसायिक भनेका त्यस्ता व्यक्ति हुन् जसको कार्य प्रदर्शनमा निश्चित तहको विशेषज्ञता हुन्छ ( साउद, २०७४) । त्यसैगरी रिचर्ड र फारेल (२००५) का अनुसार शिक्षकको पेसागत विकास कुनै औपचारिक तालिम वा डिग्रीको घट्नाबाट सुरु र अन्त्य नभई लामो समयसम्म चलिर हने निरन्तर प्रक्रिया हो (साउद, २०७४) । यसरी शिक्षकको पेसागत विकास भन्नाले निरन्तरको अध्ययन, अनुसन्धान र अनुभवबाट प्राप्त व्यवसायिक दक्षता, कार्यकुशलता तथा सम्बन्धित क्षेत्रको विज्ञता हो ।

वर्तमान समयमा शिक्षकको पेसालाई निकै जिम्मेवार र चुनौतीपूर्ण मानिन्छ । भविष्यका कर्णधार लाखौलाख विद्यार्थीहरूलाई कस्तो बनाउने भन्ने अभिभारा शिक्षकको काँधमा हुन्छ । देशको समृद्धि र विकासका संवाहकका रूपमा शिक्षकलाई लिइन्छ । राज्यले नयाँ पुस्ताबाट गरेको अपेक्षा पूरा गर्ने दायित्व शिक्षककै हातमा हुन्छ । यसरी राज्य तथा समाजको मियोका रूपमा रहेको शिक्षकमा विषयगत ज्ञान, सीपका साथै समसामयिक विश्वजनीन विषय तथा सूचना प्रविधिको जानकारी समेत हुनु वाञ्छनीय हुन्छ । आफ्नो पेसाप्रति निष्ठावान्, लगनशील, कर्तव्यनिष्ठ, उच्च नैतिक आचरण, निरन्तर अध्ययनशील गुणहरूबाट शिक्षकको पेसागत विकासमा निखार आउँछ । नयाँ कुरा सिक्न खोज्ने शिक्षक नै नयाँ कुरा सिकाउन समर्थ हुन्छ । त्यसैले पेसागत उन्नयनका लागि शिक्षक आफै सधैं सिकारु हुनुपर्छ ।

## पेसागत उन्नयनका लागि शिक्षक सक्षमता

शिक्षकको पेसागत विकासका लागि शिक्षकमा हनुपर्ने सक्षमताहरू क्रमशः बदलिदै जान्छन् । एकपटक सिकेको ज्ञान निश्चित अवधि पछि अपूर्ण वा कामचलाउ मात्र हुन्छ । त्यसैले शिक्षकले पेसागत ज्ञानको निरन्तर वृद्धि गर्ने अवसर पाउनु पर्दछ । पहिला आफ्नो विषयवस्तु, देशको वस्तुस्थिति जाने पुग्ने अवस्था थियो भने आजभोलि अन्तरविषयक ज्ञान, विश्वसन्दर्भको जानकारी तथा सूचना र प्रविधिको ज्ञान हुनुपर्ने स्थितिको निर्माण भएको छ । निम्न माध्यमिक तहको नेपाली भाषा शिक्षण शिक्षक तालिम पाठ्यक्रम (२०६१) ले नेपाली भाषा शिक्षकमा सामाजिक विविधताको व्यवस्थापन, सहयोगात्मक सिकाइ, पेसागत क्षमताको विस्तार, मूल्य र आस्था सम्बन्धी ज्ञान, शैक्षिक योजना, सञ्चार र संगठन, सिकाइ सहजीकरण सीपहरू, अन्तर वैयक्तिक र वैयक्तिक व्यवहार, मानव अधिकार शिक्षा, क्षमता प्रतिविम्बन र निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गरी ११ वटा सक्षमता हुनुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । श्रेष्ठ (२०६८) ले शिक्षकले मुख्य चार वटा क्षमता र दक्षतामा ध्यान दिनुपर्ने उल्लेख गरेका छन् : पहिलो आवश्यक पर्ने शैक्षिक योग्यता र सो अनुसारको विषयवस्तुको ज्ञान, दोस्रो शिक्षण कलाकौशल र सीप सम्बन्धी पेसागत क्षमता, तेस्रो पेसागत मूल्य मान्यताको वहन र चौथो पेसागत विकासका लागि निरन्तर सिक्न उत्सुक, घुलमिल हुन सक्ने, नयाँ कुरा पत्ता लगाउने क्षमता ।

शिक्षक सक्षमताको प्रारूप २०७२ ले शिक्षकमा हुनुपर्ने सक्षमतामा क्रमशः विषयवस्तुको ज्ञान, शिक्षण सिकाइका तौरतरिका सम्बन्धी ज्ञान, बालबालिका/सिकारु सम्बन्धी ज्ञान, सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन, सञ्चार तथा सहकार्य, निरन्तर सिकाइ र पेसागत विकास, कानुनी आधार तथा पेसागत आचार संहिता र सूचना र सञ्चार प्रविधि गरी आठवटा सक्षमता उल्लेख गरेको पाइन्छ । बखती (२०७३) ले एक्काइसौं शताब्दीका जटिलताको सम्बोधन गर्न शिक्षकमा मुख्य विषयका अतिरिक्त एक्काइसौं शताब्दीका सीप : समसामयिक विश्वजनीन मुद्धाहरूको जानकारी, नागरिक अधिकार काम, कर्तव्य र जिम्मेवारीको जानकारी, आर्थिक व्यवसायिक तथा उद्यमशीलताको जानकारी, स्वास्थ्य सम्बन्धी जानकारी, वातावरण सम्बन्धी जानकारी र अन्तरविषयगत विषयवस्तुको जानकारी हुनुपर्ने कुरा उल्लेख गरेकी छिन् । त्यसैगरी उनले उच्च तहका सीपहरू सिर्जनशीलता, समालोचनात्मक चिन्तन, सञ्चार र सहकार्यमा जोड दिनुपर्ने उल्लेख गरेको पाइन्छ ।

माथिका चर्चाका आधारमा भन्दा शिक्षकका सक्षमताहरू परिवर्तित समय अनुसार थपिदै र बदलिँदै गएको पाइन्छ । सूचना प्रविधिको विकासले विश्व साघुरिएको वर्तमान अवस्थामा शिक्षकमा आफ्नो विषयको ज्ञानले मात्र नपुग्ने देखिन्छ । त्यसैले विषयवस्तु, पाठय्क्रम तथा पाठ्यपुस्तकको ज्ञान, शिक्षण सिकाइ तौरतरिका, सिकारु सम्बन्धी ज्ञान, सिकाइ वातावरण र कक्षा व्यवस्थापन, सञ्चार र सहकार्य, निरन्तर सिकाइ र पेसागत विकास, कानुनी आधार र पेसागत आचार संहिता, सूचना र सञ्चार प्रविधि सम्बन्धी ज्ञानका साथै अन्तरविषयक समसामयिक विश्वजनीन विषयवस्तु, नागरिक अधिकार, वातावरण, स्वास्थ्य, आर्थिक, सामाजिक, भाषिक, डिजिटल प्रविधि सम्बन्धी ज्ञान पनि शिक्षकमा हुनुपर्ने देखिन्छ ।

## भाषा शिक्षकको पेसागत उन्नयनमा जिम्मेवार पक्षहरू

शिक्षण पेसा निरन्तर अध्ययन, अनुसन्धान र अध्यापनको त्रिवेणी हो । यो सधैं क्रियाशील भइर हनु पर्ने पेसा हो । शिक्षकलाई समयसापेक्ष रूपमा अद्यावधिक गर्न राज्य तथा शैक्षिक संस्थाको महत्वपूर्ण भूमिका हुन्छ र शिक्षक स्वयम्ले पनि उत्तिकै प्रयास गर्नु पर्दछ । रिजाल (२०७०) का अनुसार शिक्षकको

पेसागत विकासमा सरकारी जिम्मेवारी, विद्यालयको जिम्मेवारी र शिक्षकको व्यक्तिगत जिम्मेवारी रहेका हुन्छन् । उनका अनुसार सरकारी जिम्मेवारीमा शिक्षकको पेसागत उन्नयन सम्बन्धी सरकारी नीति निर्माण, अनिवार्य तालिमको प्रावधान, निरन्तर पुनर्ताजगी तालिमको व्यवस्था, औपचारिक परामर्शदाताको प्रावधान, प्रधानाध्यापकको स्पष्ट भूमिका, सेवाको सुरक्षा, रेखदेख र अनुगमन, न्यून राजनैतिक हस्तक्षेप, आधिकारिक पठन सामग्रीको उपयोगमा प्रोत्साहन, प्रयोगात्मक अनुभवमा जोड, सूचना प्रविधिमा पहुँच, अध्यापन अनुमति पत्रको व्यवस्था, उच्च अध्ययनका लागि लामो विदाको व्यवस्था, शिक्षणमा मेधावी जनशक्तिको आकर्षण आदि पर्दछन् (रिजाल, २०७० पृ.७८) । त्यसैगरी विद्यालयको जिम्मेवारीमा शिक्षकहरूमा सिर्जनात्मकता र नवप्रवर्तनलाई बढावा, शिक्षकहरू बीच समन्वय र सहयोग, परामर्शदाताका रूपमा वरिष्ठ शिक्षकको उपयोग, अभिभावक र व्यवस्थापनका लागि सचेतना कार्यक्रम, विद्यालय व्यवस्थापनलाई निगरानीको जिम्मेवारी, अनिवार्य शिक्षण डायरीको व्यवस्था, नयाँ सत्रको सुरुमा आवश्यकतामा आधारित तालिमको व्यवस्था, कक्षा अवलोकन र पृष्ठपोषण, शिक्षक क्षमता अभिवृद्धिमा आधुनिक प्रविधिको उपयोग, कार्यमूलक अनुसन्धानको प्रयोग, शिक्षकको शिक्षण भारमा कटौती आदि पर्दछन् (रिजाल, २०७० पृ.८६) । त्यसैगरी शिक्षकको वैयक्तिक जिम्मेवारीमा शिक्षकको प्रतिवद्धता, पेसागत उन्नयनका लागि स्वयत्न, नवीन शिक्षण कौशलको अद्यावधिकता, प्राप्त ज्ञानको कार्यान्वयनमा प्रतिवद्धता, अनुभव र दक्षताको इमान्दार प्रयोग, पेसागत उन्नयनका लागि योजना र दृढता, पेसागत संगठनमा संलग्नता, प्राप्त विचार र अनुभवको आदानप्रदान, पत्रपत्रिका प्रकाशन र तिनको पठन, छिमेकी विद्यालयको भ्रमण, खोज र अनुसन्धानमूलक कार्य आदि पर्दछन् (रिजाल, २०७० पृ.९३) ।

नेपालका सन्दर्भमा विश्वविद्यालयहरू र उच्च माध्यमिक शिक्षा परिषद्ले शिक्षकका लागि आवश्यक शैक्षिक योग्यता तथा ज्ञान सीप प्रदान गरिरहेका छन् भने सरकारले पेसागत उन्नयन सम्बन्धी नीति बनाउने र शिक्षा मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरूले पेसागत विकासका कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेका छन् । त्यसमा खासगरी शैक्षिक जनशक्ति विकास केन्द्रले विभिन्न प्रकारका तालिम तथा प्रशिक्षण, कार्यशाला, सेमिनार आदि मार्फत शिक्षकहरूको पेसागत विकासका कार्यक्रम गर्ने गरेको पाइन्छ ।

शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने, आकर्षक सेवा सुविधाको व्यवस्था गर्ने, सेवाको सुरक्षा गर्ने, वृति विकासको व्यवस्था गर्ने, निरीक्षण र अनुगमनको व्यवस्था गर्ने, तालिम तथा पुनर्ताजगी तालिम आदिको व्यवस्था गर्ने सरकारी जिम्मेवारी भित्र पर्दछन् भने विद्यालयमा सिर्जनात्मकता र नवीनतालाई जोड दिई पढ्ने पढाउने प्रभावकारी वातावरण निर्माण गर्ने, शिक्षकहरूका बीच समन्वय र सहयोग आदानप्रदान गर्ने, शिक्षक, अभिभावक, व्यवस्थापन र विद्यार्थीका बीचमा सुमधुर सम्बन्ध स्थापित गर्ने जिम्मेवारी विद्यालयको देखिन्छ । यसरी सरकारी र संस्थागत प्रयासले शिक्षकको पेसागत उन्नयनका लागि अवसरको निर्माण गर्ने तथा शिक्षकलाई उत्प्रेरित गर्ने गर्दछन् । शिक्षक स्वयम् पेसागत उन्नयनका लागि प्रतिबद्ध नभएसम्म सरकारी र संस्थागत प्रयास फलदायी हुन सक्दैनन् । शिक्षकको पेसाप्रतिको निष्ठा, लगनशीलता, इमान्दारीता, दृढता, निरन्तर अध्ययन, अनुसन्धान, लेखन तथा प्रकाशन आदिले पेसागत उन्नयनमा निकै महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## पेसागत उन्नयनका लागि भाषा शिक्षकको व्यक्तिगत जिम्मेवारी

शिक्षण पेसाको सबैभन्दा जिम्मेवार व्यक्ति शिक्षक स्वयम् नै हो । शिक्षणका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता तथा विषयवस्तुको ज्ञानलाई निरन्तर अध्ययन र अनुसन्धानबाट माथि उकास्ने, अद्यावधिक

गर्ने, शिक्षणमा नयाँनयाँ शिक्षण सिकाइ कौशल भित्र्याउने मुख्य जिम्मेवारी शिक्षकको नै हुन्छ । पाठ्यक्रमका लक्ष्य र उद्देश्य अनुरुप प्रभावकारी शिक्षण सिकाइबाट गुणस्तरीय शिक्षा प्रदान गरी विद्यार्थीको सिकाइ उपलब्धि बढाउन शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । अझ भाषा शिक्षकले त भाषिक सीपको प्रभावकारी विकासद्वारा अन्य विषयको सिकाइलाई समेत टेवा पुऱ्याउन सक्छन् । कक्षाको भाषिक विविधता बुझेर त्यसको उचित सम्बोधन गर्ने जिम्मेवारी शिक्षककै हुन्छ । शिक्षकको पेसागत विकास अल्पकालीन र अस्थायी प्रकृतिको नभएर दीर्घकालीन र निरन्तर चलिरहने स्थायी प्रकृतिको हुन्छ । निरन्तरको अध्ययन, अनुसन्धान र त्यसबाट प्राप्त ज्ञानको इमान्दार प्रयोगमा क्रियाशील भएर मात्र पेसागत दक्षता हासिल गर्न सकिन्छ । यसका लागि राम्रो नमुना शिक्षक बन्ने आकांक्षा र आफ्नो कार्यको आत्मसमीक्षाको आवश्यकता पर्दछ ।

शिक्षकको पेसागत विकासका लागि व्यक्तिगत प्रयासलाई रिचर्डस र फारेल (२००९) ले विषयवस्तुको ज्ञान, शैक्षणिक विधि प्रविधिमा दक्षता, आत्मसचेतना, सिकारुको ज्ञान, पाठ्यक्रम र शैक्षिक सामग्रीको ज्ञान, पेसागत वृद्धि विकासको ज्ञान आवश्यक मानेका छन् (साउद, २०७४) । रिजाल (२०७०) का अनुसार शिक्षकको व्यक्तिगत जिम्मेवारीमा शिक्षकको प्रतिबद्धता, पेसागत विकासका लागि स्वयत्न, नवीन शिक्षण कौशलमा अद्यावधिकता, प्राप्त ज्ञानको कार्यान्वयनमा प्रतिवद्धता, अनुभव र दक्षताको इमान्दार प्रयोग, पेसागत उन्नयनका लागि योजना र दृढता, पेसागत संगठनमा संलग्नता, प्राप्त विचार र अनुभवको आदानप्रदान, पत्रपत्रिका प्रकाशन र तिनको पठन, छिमेकी विद्यालयको भ्रमण, खोज र अनुसन्धानमूलक कार्य आदि पर्दछन् । समष्टिमा पेसागत विकासका लागि शिक्षक स्वयम्ले गर्नुपर्ने प्रयास वा जिम्मेवारीलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

## विषयवस्तुको ज्ञान

विद्यार्थीहरूको सिकाइ आवश्यकतालाई सम्बोधन गर्न आफूले अध्यापन गर्ने विषयमा गहन र अद्यावधिक ज्ञान आवश्यक हुन्छ । भाषा शिक्षणका सन्दर्भमा भाषिक सीप, विधा शिक्षण, शब्दभण्डार तथा कार्यमूलक व्याकरण, भाषिक मूल्याङ्कन, पहिलो भाषा तथा दोस्रो भाषा सिकाइको स्वरूप, विविध सन्दर्भमा भाषा शिक्षण, शिक्षण विधि प्रविधिको ज्ञान, पाठ्यक्रम तथा पाठ्य सामग्रीको ज्ञान, भाषाको अन्य विषयसगँको अन्तरसम्बन्ध, भाषिक विषयवस्तुको स्थानीय परिवेशसँगको सान्दर्भिकताको ज्ञान आदि शिक्षकले हासिल गर्नु पर्दछ । पेसागत विकासका लागि सम्बन्धित विषयवस्तुको गहन र अद्यावधिक ज्ञान हासिल गर्ने र गराउने जिम्मेवारी शिक्षकको हुन्छ ।

## शिक्षण सिकाइका तौरतरिका सम्बन्धी ज्ञान

शिक्षकमा शिक्षण सिकाइ प्रक्रिया सम्बन्धी ज्ञान हुनुका साथै सो ज्ञानलाई शिक्षण सिकाइमा उपयुक्त ढङ्गले प्रयोग गर्ने सक्षमता हुनु पर्दछ । यसका लागि शिक्षण सिकाइका विभिन्न तौरतरिका तथा नवीनतम् शिक्षण प्रविधिमा अद्यावधिक ज्ञान हुनुका साथै पाठ्यक्रमका उद्देश्य तथा सक्षमताहरू हासिल गराउने शिक्षण कौशलको जानकारी हुनु पर्दछ । विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तर तथा वैयक्तिक भिन्नतालाई ख्याल गरी उपयुक्त विधि र सामग्रीको प्रयोग गरेर सिकाइ सहजीकरण गर्ने, भाषिक मूल्याङ्कनका उपयुक्त साधनको प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गर्ने र आवश्यकता अनुसार उपचारात्मक शिक्षण कौशलको विकास गर्ने जिम्मेवारी शिक्षक स्वयम्को हुन्छ ।

### बालबालिका/सिकारू सम्बन्धी ज्ञान

शिक्षकले बालबालिकाहरूको विविध सिकाइ आवश्यकता पहिचान गरी सोअनुरूप शिक्षण गर्न सक्षम हुनु पर्दछ । सिकारुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, भाषिक, सांस्कृतिक अवस्थाको पहिचान गरी विविधताको सम्मान गर्दै उपयुक्त शिक्षण गर्न सक्षम हुनु पर्दछ । पूर्व ज्ञानका आधारमा नयाँ सिकाइ सम्बन्ध स्थापित गर्न सक्नु पर्दछ । बालमनोविज्ञान बुझेर उपयुक्त तरिकाले शिक्षण गर्ने सक्षमताको विकास गर्ने जिम्मेवारी शिक्षककै काँधमा रहेको हुन्छ ।

### सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन

शिक्षकमा बालमैत्री सिकाइ वातावरणको सिर्जना गर्दै प्रभावकारी शिक्षण सिकाइका लागि कक्षा व्यवस्थापन गर्ने सीप हुनु पर्दछ । सिकाइका निमित्त सुरक्षित, सहयोगात्मक र रचनात्मक वातावरण सिर्जना गरी सक्रिय सहभागितामा जोड दिनु पर्दछ । विषम परिस्थितिमा समेत कुशलतापूर्वक उपयुक्त वातावरण सिर्जना गरी शिक्षण गर्ने सीप हासिल गर्ने जिम्मेवारी शिक्षकको हुन्छ ।

### सञ्चार र सहकार्य

शिक्षकमा विद्यार्थी, अभिभावक तथा शिक्षकहरू बीच प्रभावकारी  सञ्चार र सहकार्य गर्ने सीप हुनु पर्दछ । खोज, सहकार्य, अन्तर्क्रिया, निर्देशन, परामर्श, पृष्ठपोषण,छलफल आदि गर्न सञ्चार र सहकार्यमा सक्षम हुनु पर्दछ । कक्षाकोठा भित्र तथा बाहिर उचित सञ्चार र सहकार्य गर्ने सीप विकास गर्नु शिक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

### निरन्तर सिकाइ र पेसागत विकास

शिक्षक आफूमा भएको ज्ञान, सीप एवम् अनुभवको विश्लेषण गरी निरन्तर सिकाइ र पेसागत विकासका लागि प्रतिबद्ध हुनु पर्दछ । पेसागत विकासका अवसरहरुको खोजी गरी निरन्तर सिकाइमा संलग्न रही आफूले सम्पन्न गरेका कामहरूको स्वप्रतिबिम्बन गरी सुधार गर्न सक्ने सीप हुनु पर्दछ ।

### कानुनी आधार तथा पेसागत आचार संहिता

शिक्षकमा प्रचलित ऐन नियम तथा सामाजिक मूल्य मान्यता अनुकूल आदर्श आचरण प्रदर्शन गर्ने र आफ्नो जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्ने क्षमता हुनु पर्दछ । शिक्षण पेसाको गरिमा र महिमा कायम राखी पदीय मर्यादा अनुकूल सबै बालबालिकाप्रति तटस्थ र सम्मानजनक व्यवहार गरी उनीहरूको हितका लागि प्रतिबद्ध रहने दायित्व शिक्षकको व्यक्तिगत जिम्मेवारी भित्र पर्दछ ।

### सूचना तथा सञ्चार प्रविधि

प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षक सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्षम हुनु पर्दछ । सिकारुका आवश्यकता अनुसार डिजिटल सामग्री विकास गर्न, उपयोग गर्न, स्वसिकाइलाई प्रवर्धन गर्न, मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न, डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै सोही अनुसार पेसागत व्यवहार प्रदर्शन गर्ने सीप शिक्षकमा हुनु पर्दछ । त्यसैले सूचना तथा सञ्चार प्रविधि आफूलाई सक्षम बनाउने जिम्मेवारी शिक्षकको हुन्छ ।

### शिक्षकको प्रतिबद्धता

शिक्षक आफूले पढाउने विषय, आफ्ना विद्यार्थी तथा आफ्नो पेसाप्रति प्रतिबद्ध हुनु पर्दछ । भित्रै देखिको पेसा र आफ्नो कार्यप्रतिको प्रतिबद्धताले शिक्षकलाई नयाँ कुरा सिक्न तथा आफ्ना कार्यमा सुधार गर्न

उत्प्रेरणा मिल्दछ । तन, मन, वचन र कर्मले आफ्नो पेसाप्रति प्रतिबद्ध शिक्षकले मात्रै राम्रो पेसागत विकास गर्न सक्छ ।

**प्राप्त ज्ञानको कार्यान्वयनमा प्रतिबद्धता**

शिक्षकहरूले आफूले तालिम, गोष्ठि, सेमिनार, अध्ययन, अनुसन्धान आदिबाट प्राप्त ज्ञानको पूर्ण कार्यन्वयन नगरेको अनुसन्धानले देखाएका छन् । विद्यालयको वातावरण, विद्यालय प्रशासन, विद्यार्थी सङ्ख्या आदि कारणले ज्ञानको पूर्ण प्रयोग गर्न नसकेको भन्ने सुनिन्छ । यस्ता भौतिक, प्रशासनिक, आर्थिक, व्यवस्थापकीय आदि विभिन्न समस्या नभएका होइनन् तर शिक्षकमा प्राप्त ज्ञानको प्रयोग गर्ने दृढ इच्छा शक्ति हुने हो भने कार्यन्वयन गर्न सकिन्छ । प्राप्त ज्ञानको पूर्ण कार्यान्वयनको जिम्मेवारी शिक्षकको नै हुन्छ । शिक्षकले आफ्नो अनुभव र दक्षताको उपयोग जति गर्न सक्यो त्यति नै पेसागत विकासमा टेवा पुग्दछ । नजानेका कुरा अनुभवीबाट सिक्ने र आफ्ना अनुभव अरुसँग साटासाट गरेर आफ्नो क्षमता र दक्षताको पूर्ण उपयोग गर्न सकिन्छ । कक्षाकोठा विद्यार्थीले सिक्ने ठाँउमात्र नभएर शिक्षकले पनि सिक्ने, आफ्नो अनुभवको पूर्ण उपयोग गर्ने ठाँउ पनि भएकाले लामो अनुभव र दक्षताको भरपुर उपयोग गर्ने जिम्मेवारी शिक्षकको रहेको हुन्छ ।

**पेसागत विकासका लागि योजना र दृढता**

पेसागत विकास शिक्षक जीवनको लामो यात्राका रूपमा रहेको हुन्छ । शिक्षण सिकाइका सन्दर्भमा असङ्ख्य कठिनाइ तथा चुनौतीहरूको सामना गर्नु पर्दछ । यसका लागि पेसागत विकासको सोच, त्यसलाई मूर्त रूप दिन योजना, योजनाको कार्यान्वयन र निरन्तर अघि बढ्ने दृढता हुनु पर्दछ । जसरी चालकले अनेकौ घुम्ती, ओकाली ओराली, साँघुरो, बिग्रेको, भत्केको, भिडभाड आदि चुनौतीको दृढतापूर्वक सामना गरेर हरेक दिन यात्रीलाई गन्तव्यमा पुऱ्याउँछ त्यसरी नै शिक्षकको पनि विभिन्न कठिनाइ, बाधा व्यवधान, जटिलतालाई चिर्दै पेसागत विकासका लागि योजनालाई कार्यान्वयन गर्ने अटल जिम्मेवारी रहेको हुन्छ ।

**पेसागत विकासका सङ्गठन तथा शिक्षक सहयोग समूहमा संलग्नता**

शिक्षकका विभिन्न पेसागत सङ्गठन तथा सहयोग समूह स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा क्रियाशील हुन्छन् । यस्ता पेसागत साझा मूल्य मान्यता, विषयवस्तु, समस्यामा केन्द्रित संस्थामा संलग्नता भई गोष्ठी, सेमिनार, छलफल, अनलाइन आदिका माध्यमबाट पेसागत विकासमा टेवा पुऱ्याउन सकिन्छ । त्यसैले पेसागत विकासका लागि सहयोगी संघ संस्थाप्रति रुचि राख्ने, तिनको सदस्यता लिने तथा पेसागत गतिविधिमा सक्रियतापूर्वक सहभागिता जनाउने जिम्मेवारी शिक्षककै हुन्छ ।

**शिक्षक जर्नलको प्रकाशन र पठन**

शिक्षक जर्नल शैक्षिक समस्या, शिक्षण विधि, नयाँ नयाँ शिक्षण सिकाइ प्रक्रिया, पेसागत विकासका गतिविधि आदिको सँगालो हो । यस्ता जर्नलको प्रकाशनबाट आफ्ना खोज अनुसन्धान, अनुभव, समस्या अभिव्यक्त गर्न र अरुका अभिव्यक्ति पठनबाट प्रशस्त लाभ लिन सकिन्छ। शिक्षक जर्नलको प्रकाशन र पठनले पेसागत विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले जर्नलहरुको पठन, लेखन र प्रकाशनमा सक्रिय हुने जिम्मेवारी शिक्षकको हुन्छ ।

**छिमेकी विद्यालयको भ्रमण**

छिमेकी तथा राम्रा नमुना बनेका विद्यालयको भ्रमण, अवलोकन तथा त्यहाँका शिक्षक, विद्यार्थी, व्यवस्थापनसँगको प्रत्यक्ष कुराकानी छलफलबाट अनुभव आदान प्रदान गर्न र एकअर्काका राम्रा कार्य अनुसरण गर्न मद्दत पुग्दछ। त्यसैले पेसागत विकासका लागि वर्षको एउटा नमुना विद्यालयको भ्रमण फलदायी हुन्छ।

**खोज र अनुसन्धानमा रुचि**

पेसागत विकासका लागि निरन्तर खोज र अनुसन्धानमा रुचि हुनु पर्दछ। यसबाट शिक्षण सिकाइसँग सम्बन्धित विभिन्न समस्याको समाधान गर्ने नयाँ उपायहरू पत्ता लगाउन सकिन्छ । नयाँ नयाँ तथ्यको खोजी गर्न मद्दत पुग्दछ। खोज अनुसन्धानबाट हरेक समस्याको समाधान पहिल्याउन मद्दत पुग्ने हुनाले खोज अनुसन्धानमा रुचि हुनु शिक्षकको दायित्व भित्र पर्दछ।

**निरन्तर अध्ययन र योग्यता अभिवृद्धि**

पेसागत विकासका लागि निरन्तर अध्ययन आधारशीलाका रूपमा रहेको हुन्छ। निरन्तर अध्ययनबाट प्राप्त ज्ञान अद्यावधिक गर्न तथा नयाँ नयाँ विषयवस्तु, शिक्षण विधि प्रविधि, शैक्षणिक प्रक्रिया, मूल्याङ्कन प्रक्रिया आदिका बारेमा थाहापाउन सकिन्छ। शिक्षकले आफ्नो न्यूनतम योग्यतामा अभिवृद्धि गर्न पनि अध्ययन आवश्यक हुन्छ । संसारका हरेक वस्तु गतिशील भएकाले एकपटक सिकेका कुरा कामचलाउ वा अपूर्ण हुन्छन् । परिवर्तित समय सन्दर्भ अनुसारको ज्ञानका लागि निरन्तर अध्ययन तथा योग्यता अभिवृद्धिको आवश्यकता पर्दछ। यसले पेसागत उन्नयनमा समेत मद्दत गर्दछ।

**समसामयिक विश्वजनीन मुद्दा तथा अन्तरविषयको जानकारी**

शिक्षकमा समसामयिक विश्वजनीन मुद्धाहरू, विश्वव्यापी चेतना, नागरिक चेतना, आर्थिक, सामाजिक उद्यमशीलताको जानकारी, स्वास्थ्य तथा वातावरणको जानकारी, डिजिटल प्रविधिको जानकारी हुनु आवश्यक देखिन्छ। त्यसैगरी शिक्षकमा आधारभूत मानव अधिकार, बाल अधिकार, श्रम अधिकार आदिको ज्ञान हुनु पर्दछ।

**सिर्जनशीलता र समालोचनात्मक चिन्तन**

शिक्षकमा नवप्रवर्तनलाई जोड दिने, खोज र सिर्जना गर्न उत्प्रेरित गर्ने गुण हुनु पर्दछ । संसार मा दिनानुदिन नयाँ खोज आविष्कार भइरहेका छन् । हरेक क्षेत्रमा ज्ञानको उत्पादन र पुनरुत्पादन भइरहेका छन् । कुनै पनि सत्य तथा ज्ञानलाई हेर्ने विभिन्न दृष्टिकोणहरू विकास भएका पाइन्छन् । कुनै एउटै दृष्टिकोण वा सिद्धान्त पूर्ण नहुन सक्छ । त्यसैले शिक्षकमा हरेक वस्तुलाई विभिन्न कोणबाट हेर्ने समालोचनात्मक चिन्तन हुनु आवश्यक हुन्छ। सिर्जनशीलता र समालोचनात्मक चिन्तन भएको शिक्षकले नै विद्यार्थीमा पनि सिर्जनशीलता र समालोचनात्मक चिन्तनको विकास गर्न सक्दछ।

## निष्कर्ष

शिक्षकको पेसागत विकास दीर्घकालीन र निरन्तर चलिरहने लामो प्रक्रियाका रूपमा रहेको हुन्छ। शिक्षक आफू मात्र जान्ने, अगाडि बढ्ने, जिउने नभई लाखौंलाख भविष्यका कर्णधारहरूलाई जान्न सिकाउने, पथप्रदर्शन गर्ने, जिउने कला सिकाउने तथा प्रकाशित गर्ने गरिमामय र चुनौतीपूर्ण पेसा अँगालेको व्यक्ति हो। बलेको दियोले अरुलाई पनि प्रकाशित गरे झैं ज्ञान, सीप, शिक्षण कौशल, सूचना, सञ्चार प्रविधि, विद्यार्थी, समाज, वातावरण, विश्व बुझेको शिक्षकले अरुलाई पनि बुझाउन, सिकाउन, पथप्रदर्शन गर्न सक्दछ। सधैं नयाँ कुरा सिक्न क्रियाशील शिक्षकले नै नयाँ कुरा सिकाउन पनि सक्छ। त्यसैले शिक्षकको पेसागत उन्नयनका

लागि सधैं सिक्न तयार, निरन्तर अध्ययनशील, सिर्जनात्मक सोच तथा समालोचनात्मक चेतना, पेसाप्रतिको प्रतिबद्धता, निष्ठा, उच्च नैतिकता, इमान्दार, कर्तव्यनिष्ठ, बालमैत्री व्यवहार, समाज तथा राष्ट्रप्रति दायित्व बोधको भावना, सूचना सम्प्रेषण, सञ्चार तथा प्रविधिमा सक्षम जस्ता व्यक्तिगत जिम्मेवारीले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ। शिक्षकको पेसागत उन्नयनमा मुख्य गरी सरकारी, संस्थागत र व्यक्तिगत जिम्मेवारी रहेका हुन्छन्। राज्य तथा विभिन्न संघ संस्थाले शिक्षकको पेसागत विकासका लागि उपयुक्त नीति निर्माण गर्ने, प्रभावकारी वातावरण सिर्जना गरी हौसला तथा प्रोत्साहन दिने गर्दछन्। जबसम्म शिक्षक अन्तर ह्रदय देखि नै दत्तचित्त भएर आफ्नो पेसागत विकासमा लाग्दैनन् तबसम्म अरुले जतिसुकै गरेपनि शिक्षकको पेसागत उन्नयन र प्रभावकारी शिक्षण हुन सक्दैन। त्यसैले शिक्षकको पेसागत उन्नयनमा विभिन्न पक्ष जिम्मेवार रहेपनि शिक्षकको व्यक्तिगत जिम्मेवारी सबैभन्दा सर्वोपरी रहन्छ।

## सन्दर्भ सामग्री


आचार्य, देवीराम (२०६९), शिक्षकको पेसागत विकास तालिम : कार्यक्षेत्रको अनुभूति, शिक्षक शिक्षा, वर्ष १०, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र।

बखती, प्रमिला (२०७३), एक्काइसौं शताब्दीका सीप : शिक्षक र सूचना प्रविधि, दूर शिक्षा वर्ष १७, अंक १७ भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र।

रिजाल, रिशीराम (२०७०), कन्सट्रक्टिभिष्ट प्रस्पेक्टिभ अन टिचर डेभलभमेन्ट, काठमाडौं : शुभकामना प्रकाशन।

साउद, एम.एस.(२०७४), इङ्लिस ल्याङ्ग्वेज टिचिङ मेथड्स एन्ड प्राटिक्स, काठमाडौं : एम.के. पब्लिकेसन।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६१), निम्न माध्यमिक शिक्षक तालिम पाठ्यक्रम, नेपाली भाषा शिक्षण, भक्तपुर।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२), शिक्षक पेसागत विकासको प्रारूप २०७२, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द (२०७२), शिक्षक सक्षमताको प्रारूप २०७२, भक्तपुर ।

शैक्षिक गुणस्तर परीक्षण केन्द (२०७४), शैक्षिक निकायहरूको कार्यसम्पादन २०७३/७४ समष्टिगत प्रतिवेदन २०७४, भक्तपुर।

श्रेष्ठ, हर्क प्रसाद (२०६८), शिक्षकको पेसागत विकास तथा व्यवस्थापन, शिक्षक शिक्षा, वर्ष ९, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र।



**लेखक**

***सुरेन्द्र कुमार बम*** *जगन्नाथ बहुमुखी क्याम्पस गोठलापानी, बैतडी नेपालमा उपप्राध्यापक हुनुहुन्छ । उहाँले त्रिभुवन विश्वविद्यालयबाट नेपाली शिक्षामा स्नातकोत्तर गर्नु भएको छ। उहाँ हाल त्रिभुवन विश्वविद्यालयमा नेपाली शिक्षामा विद्यावारिधि शोधार्थी हुनुहुन्छ। उहाँका केही लेखहरू राष्ट्रिय जर्नलमा प्रकाशित भइसकेका छन्। उहाँ शिक्षकको पेसागत उन्नयन, भाषा तथा भाषिकाको अध्ययन, बहुभाषिकता र कक्षामा भाषिक विविधताको सम्बोधनमा विशेष रुचि राख्नुहुन्छ।*